नायब सुब्बा — तृतीय पत्र (लेखा समूह)

Nayab Subba — Third Paper (Accounts Group)

विषय: सेवा सम्बन्धी कार्यज्ञान

पूर्णाङ्क	उत्तीर्णाङ्क	समय	प्रश्न संख्या
100	40	2 घण्टा 30 मिनेट	17
14 छोटा प्रश्न × 5 अंक र 3 लामा प्रश्न × 10 अंक			

यो प्रश्नपत्र लोक सेवा आयोगको 2083 सालको परीक्षा ढाँचा (पूर्णाङ्क, समय, प्रश्न संख्या र खण्ड विभाजन) मा आधारित रहेर **Loksewa Pathsala** ले तयार पारेको मौलिक अभ्यास (मोडल) प्रश्नपत्र हो। यो आयोगको आधिकारिक प्रश्नपत्र होइन। This is an original practice paper prepared by Loksewa Pathsala on the 2083 exam pattern; it is not an official Lok Sewa Aayog question paper.

निर्देशन:

1. सबै प्रश्नको उत्तर दिनुहोस्। प्रत्येक प्रश्नको अंकभार प्रश्नको दायाँतिर दिइएको छ।
2. उत्तर नेपाली वा अंग्रेजी वा दुवै भाषामा लेख्न सकिनेछ।
3. प्रश्नको अंकभार अनुसार उत्तरको लम्बाइ मिलाउनुहोस्; बुँदागत र उदाहरणसहित लेख्नु राम्रो हुन्छ।

खण्ड क: बजेट तथा आर्थिक प्रशासन — 30 अंक

1. बजेटका सिद्धान्तहरू उल्लेख गर्नुहोस्। **5**

2. अख्तियारी र बाँडफाँट भनेको के हो? **5**

3. चालु खर्च र पुँजीगत खर्चबीच भिन्नता लेख्नुहोस्। **5**

4. मध्यमकालीन खर्च संरचना (MTEF) को उद्देश्य लेख्नुहोस्। **5**

5. नेपालमा बजेट तर्जुमादेखि कार्यान्वयनसम्मको प्रक्रिया व्याख्या गर्नुहोस्। **10**

खण्ड ख: सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन — 30 अंक

6. सार्वजनिक खरिदका विधिहरू उल्लेख गर्नुहोस्। **5**

7. सोझै खरिद कुन अवस्थामा गर्न सकिन्छ? **5**

8. खप्ने र नखप्ने जिन्सी सामानबीच फरक लेख्नुहोस्। **5**

9. वार्षिक जिन्सी निरीक्षणको उद्देश्य के हो? **5**

10. सार्वजनिक खरिदमा देखिएका समस्याहरू उल्लेख गर्दै खरिद प्रक्रियालाई पारदर्शी बनाउने उपायहरू विश्लेषण गर्नुहोस्। **10**

खण्ड ग: लेखा प्रणाली, लेखापरीक्षण र सम्बन्धित कानून — 40 अंक

11. दोहोरो लेखा प्रणालीका विशेषताहरू लेख्नुहोस्। **5**

12. आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणबीच फरक लेख्नुहोस्। **5**

13. बेरुजु भनेको के हो? बेरुजु फछ्र्यौंटका उपाय लेख्नुहोस्। **5**

14. पेस्की व्यवस्थापनसम्बन्धी मुख्य व्यवस्था लेख्नुहोस्। **5**

15. एकल खाता कोष प्रणाली (TSA) का फाइदाहरु लेख्नुहोस्। **5**

16. महालेखा परीक्षकको संवैधानिक भूमिका उल्लेख गर्नुहोस्। **5**

17. सार्वजनिक वित्तीय व्यवस्थापनमा वित्तीय अनुशासन कायम गर्न देखिएका चुनौतीहरु उल्लेख गर्दै सुधारका उपायहरु सुझाव दिनुहोस्। **10**

— शुभकामना —

Loksewa Pathsala

उत्तर लेख्दा समेट्नुपर्ने मुख्य बुँदाहरू (आत्ममूल्याङ्कनका लागि)

यी संकेतले राम्रो उत्तरमा के–के समेट्नुपर्छ भन्ने देखाउँछन्; पूर्ण उत्तर आफ्नै शब्दमा लेख्नुहोस्।

1. वार्षिकता, सर्वव्यापकता, सन्तुलन, पारदर्शिता, यथार्थपरकता।

2. विनियोजित रकम खर्च गर्ने अधिकार प्रदान; निकायगत बाँडफाँट र खर्चको सीमा।

3. नियमित सञ्चालन खर्च बनाम सम्पत्ति सिर्जना हुने खर्च; उदाहरण।

4. तीन वर्षको खर्च प्रक्षेपण, प्राथमिकीकरण, योजना र बजेटको तादात्म्य।

5. सीमा निर्धारण, कार्यक्रम तर्जुमा, छलफल, संसदमा पेश (जेठ 15), विनियोजन ऐन, अख्तियारी, खर्च, लेखा र प्रतिवेदन।

6. बोलपत्र, सिलबन्दी दरभाउपत्र, सोझै खरिद, उपभोक्ता समितिमार्फत, सीमित बोलपत्र।

7. तोकिएको सीमाभित्रको रकम, आकस्मिक अवस्था, एकमात्र आपूर्तिकर्ता आदि (नियमावलीअनुसार)।

8. प्रयोगपछि सकिने सामान र लामो समय प्रयोग हुने सामान; अभिलेखको तरिका।

9. मौज्दात भिडाउने, बिग्रेका सामान पहिचान, लिलाम वा मिनाहाको सिफारिस।

10. मिलेमतो, न्यून बोलकबोल, ढिलाइ; ई–बिडिङ, खरिद योजना, अनुगमन, सार्वजनिक सूचना।

11. प्रत्येक कारोबारको दुई पक्ष, डेबिट–क्रेडिट बराबर, गल्ती पत्ता लगाउन सजिलो।

12. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट नियमित बनाम महालेखा परीक्षकबाट वर्षान्त।

13. लेखापरीक्षणमा औंल्याइएका अनियमित खर्च; प्रमाण पेस, असुली, नियमित, जवाफदेहिता।

14. काम सकिएपछि तोकिएको अवधिभित्र फछ्यौंट, म्याद नाघेमा ब्याज वा असुली।

15. नगद व्यवस्थापन, वास्तविक समयमा खर्च विवरण, निष्क्रिय खाता अन्त्य।

16. धारा 240–241; सरकारी निकायको लेखापरीक्षण, राष्ट्रपतिमार्फत संसदमा वार्षिक प्रतिवेदन।

17. असार मसान्तको खर्च, बढ्दो बेरुजु, कमजोर आन्तरिक नियन्त्रण; खर्च योजना, IT प्रणाली, जवाफदेहिता र दण्ड–पुरस्कार।

Loksewa Pathsala